**गढवा गाउँपालिका**

**देउखुरी दाङ,**
**लुम्बिनी प्रदेश नेपाल**

# गढवा राजपत्र

**गढवा गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड : ८ चैत्र ०८ गते, २०८१ साल, संख्या : २२**

## भाग - २

### गढवा गाउँपालिकाको सूचना ।

नेपालको संविधानको धारा २२६ बमोजिम गढवा गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# सेरामिक्स प्रवर्धन सम्वन्धि कार्यविधि २०८१

**प्रस्तावना:**

गढवा गाउँ पालिकाले परम्परागत रुपमा रहेको लोप उन्मुख माटोको भाँडा (सेरामिक्स) को ब्यवसायलाई संरक्षण गर्न, साना तथा मझौला खालका वातावरण मैत्री उद्यमहरुको विकास तथा प्रवर्धन गरि स्थानीय युवाहरुमा प्रविधि हस्तान्तरण गरि स्थानीयरुपमा रोजगारिका अवसरहरु सिर्जना गर्दै, उद्यमशीलता विकास कार्यक्रमलाई अघि वढाउदै पछाडी पारिएको वर्ग र समुदायलाई सामाजिक न्याय प्रदानगर्ने सम्वन्धमा परम्परागतरुपमा

माटोकोभाँडा (सेरामिक्स) प्रवर्धन कार्यक्रमलाई ब्यवस्थित पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न वाञ्छनीय भएकाले,

गढवा गाउँ पालिकाको समाजिक न्याय सम्वन्धि ऐन २०८० को दफा ६ को आधारमा सोही ऐनको दफा १५ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि गाउँ कार्य पालिकाले यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक :

१. **संक्षिप्त नाम र प्रारम्भ :** १. यस कार्यविधिको नाम “सेरामिक्स प्रवर्धन सम्वन्धि कार्यविधि २०८१” रहेको छ ।

२. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२.**परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) “सेरामिक्स” भन्नाले परम्परागत रुपमा निर्माण गरिएको माटोको भाँडा लाई सम्झनु पर्दछ; यो शब्दले परम्परागत रुपमा रहेको शिपमा आधुनिक प्रविधि प्रयोग गरि तयार भएको माटोको भाँडा समेत बुझउने छ ।

ख) “उद्यम” भन्नाले परम्परागत रुपमा जीविकाका लागि गरिने माटोको भाँडा उत्पादन ब्यवसाय तथा उद्योगलाई सम्झनु पर्दछ ।

ग) “उद्यमशीलता” भन्नाले कुनै माटोको भाँडा ब्यवसाय, उद्योग वा उद्यम सञ्चालनको प्रक्रियालाई सम्झनु पर्छ ।

घ) “कार्यक्रम” भन्नाले सेरामिक्स प्रवर्धन सम्वन्धि कार्यक्रमलाई सम्झनु पर्दछ ।

ङ) "कार्यालय" भन्नाले गढवा गाँउ पालिका, गाउँ कार्यपालिकाको कार्यालय लाई सम्झनु पर्दछ ।

च) "सेरामिक्स उद्यमी" भन्नाले गढवा गाँउ पालिका क्षेत्र भित्र आय आर्जन गर्ने उद्देश्यले माटोको भाँडा वा कुनै चिजवस्तु उत्पादन संग सम्वन्धित उद्योग, ब्यवसाय वा उद्यम सञ्चालन गर्ने ब्यक्ति वा समुहलाई सम्झनु पर्दछ ।

छ) "समिति" भन्नाले यस कार्यविधि बमोजिमका कार्यक्रम/ क्रियाकलाप सञ्चालनमा सहजिकरण गर्नका लागि गठित कार्यविधिको दफा ११ बमोजिमको समिति लाई सम्झनु पर्दछ ।

३. <u>उदेश्य:</u> (१) यस कार्यविधि बमोजिमको सेरामिक्स प्रवर्धन कार्यक्रम सञ्चालनका उद्देश्यहरु देहाय बमोजिमका रहेका छन :—

क) परम्परागत रुपमा रहि आएको माटोको भाँडा (सेरामिक्स) को उत्पादन ब्यवसायलाई संरक्षण एवं प्रवर्धन गर्ने ।

ख) परम्परागत रुपमा माटोको भाँडा उत्पादन, वेच विखन, कार्यमा संलग्न आदीवासी, जनजाती, कुमाल, थारु ,दलित लगायत पछाडी पारिएको वा परेको वर्ग समुदाय संग रहेको शीप तथा कला लाई नयाँ युवा पुस्तामा हस्तान्तरण गर्दै युवाहरुमा सेरामिक्स ब्यवसाय प्रति आकर्षण वृद्धि गरि सेरामिक्स उद्योग र उद्यमीहरुको विकास गर्ने ।

ग) माटोको भाँडा(Ceramics) उत्पादन, प्रशोधन तथा उद्योगका क्षेत्रमा प्रयोग हुने कच्चा पदार्थ उपयुक्त माटो, काठ, दाउराको पहिचान गरि संरक्षण गर्ने ।

घ) माटोको भाँडा,माटोको भाँडा जन्य समाग्रीहरुमा आधारित साना तथा मझौला खालका उद्यम (Small & Medium Sale enterprises) मार्फत रोजगारिका अवसरहरु सिर्जना गर्न सहयोग गर्ने ।

ङ) विदेशी माटोको भाँडा(Ceramics), माटोको भाँडाजन्य समाग्रीहरु विदेशबाट प्रचुरमात्रामा आयात भईरहेको अवस्थामा आयातलाई निरुत्साहन गर्न मद्दत पुग्ने गरि नव प्रवर्तन (Innovation) तथा नवीनतम (Innovative) प्रविधिहरुको उपयोग र प्रवर्ध्दनलाई वढवा दिई प्रतिस्पर्धा गरि राष्ट्रिय आयमा बृद्धि गर्ने।

च) वैदेशिक रोजगारिका लागि विदेश जाने तयारीमा रहेका एवं विदेशबाट फर्केका युवा, सेरामिक्सका विषयमा अध्ययन गरेका विद्यार्थी, वेरोजगार युवा, महिला, तथा कुमाल, थारु र दलित समुदायका युवालाई माटोको भाँडा(Ceramics), माटोकोभाँडा जन्य समाग्रीहरु उत्पादन प्रशोधन सुन्दरीकरण बेचविखन संग सम्वन्धित उद्यम गर्न प्रेरित गरि आत्म निर्भर हुन मद्दत गर्ने ।

छ) सेरामिक्स प्रबर्धन कार्यक्रम संग सहकार्य गर्न सक्ने विद्यालय , विश्व विद्यालय वा कुनै प्रतिष्ठान संग वा सरकारी, गैर सरकारी निकाय संग संझौताको आधारमा सहकार्य गरि दिर्घ कालिन वा अल्प कालिन परियोजनाहरु संचालन गर्ने ।

ज) सेरामिक्सलाई अध्यन अनुसन्धानमा मद्दत पुग्ने गरि तथा आधुनिक बजारमा प्रचार प्रसार गर्न परम्परागत सेरामिक्सलाई संग्रह गर्न आधुनिक सेरामिक्स संग्राहलय सथापना र सञ्चालन गर्ने ।

झ) कुनै समुह वा टोलमा सेरामिक्सको एकीकृत वजार स्थापना गरि स्वदेशी तथा विदेशी पर्यटकहरुलाई आकर्षण गर्ने गरि सामुदायिक होमस्टे सञ्चालन गर्न सकिने छ ।

ञ) सेरामिक्सको विषयमा अध्ययन गर्न ईच्छुक आर्थिक विपन्न,जेहेन्दार विद्यार्थिहरुलाई प्राविधिक तथा ब्यवसायिक तालिम र उच्च शिक्षा समेत प्रदान गर्न निर्धारित मापदण्डका आधारमा संझौता गरि छात्र वृत्तिको ब्यवस्था गरि संझौताको आधारमा अध्ययन गर्न पठाउने अध्ययन अवधि पछि स्वरोजगार हुन वा शीप स्थानीय स्तरमा हस्तान्तरण गर्न अनवार्य गरि सेरामिक्स हवको वातावरण वनाउने ।

४. **<u>अपेक्षित प्रतिफलः</u>** (१) यस कार्यविधि बमोजिमको सेरामिक्स प्रवर्धन कार्यक्रम सञ्चालनबाट अपेक्षित प्रतिफलहरु देहाय बमोजिम रहेका छन

क) परम्परागत रुपमा रहि आएको माटोको भाँडा (सेरामिक्स) को उत्पादन, प्रशोधन, बजारीकरण सम्वन्धि ब्यवसायलाई संरक्षण प्राप्त हुने ।

ख) माटोको भाँडा उत्पादन, वेचविखन कार्यमा संलग्न आदीवासी, जनजाती, कुमाल, थारु ,दलित, महिला लगायत पछाडी पारिएको समुदाय संग रहेको शीप तथा कला संरक्षित भई नयाँ युवा पुस्तामा हस्तान्तरण हुदै जाने प्रक्रिया सरलिकृत हुने छ ।

ग) युवाहरुमाहरुमा माटोको भाँडा (Ceramics) ब्यवसाय प्रति आकर्षण वृद्धि भई सेरामिक्स उद्योग र उद्यमीहरुको विकास हुदै जानेछ जसले गर्दा थप रोजगारीको अवसरहरु सृजना भएको हुने छ ।

घ) माटोको भाँडा, माटोको भाँडाजन्य समाग्रीहरुमा आधारित साना तथा मझौला खालका उद्यम स्थापना,प्रशोधन, वजारीकरणबाट विदेशबाट

आयात हुने सेरामिक्सको स्थानमा नेपाली सेरामिक्सले विस्तारै स्थान लिदै जानेछ ।

ङ) सामाजिक न्यायवाट विमुख सिमान्तकृत आदिवासी, जनजाती, थारु, कुमाल, दलित, महिलाहरुको परमपरागत माटोको भाँडा अन्य समाग्रीहरुको उत्पादन प्रशोधन वेचविखनमा अपनत्व कायम भई आर्थिक उपार्जनमा बृद्धि भई जीवन स्तर माथी उठाउने छ ।

**५. <u>प्रतिफलको मापन :</u>** (१) यस कार्यविधि बमोजिमको सेरामिक्स प्रवर्ध्दन कार्यक्रम सञ्चालनबाट प्राप्त उपलब्धिहरुको प्रतिफल मापन देहायका सूचकहरुको आधारमा गरिने छ :—

क) माटोको भाँडा, माटोको भाँडाजन्य समाग्रीहरुमा आधारित साना तथा मझौला खालका उद्यम तथा ब्यवसायहरुको संख्या ।

ख) स्थापना भएका साना तथा मझौला खालका ब्यवसाय तथा उद्यमहरुमा रोजगारी प्राप्त गर्नेको संख्या ।

ग) दक्षता अभिबृद्धि भई पुरानो शैलीमा नविनतम शैली (प्रविधि) प्रयोग भई स्थापना भएका साना तथा मझौला उद्योग ब्यवसायहरुको संख्या ।

घ) माटोको भाँडा र अन्य सामाग्री उद्यम विकासका लागि स्थापना भएका पूर्वाधार उत्पादन प्रशोधन तथा वजारीकरण संग सम्वन्धित संरचनाको संख्या ।

ङ) पालिका बाट प्रदान गरिएको अनुदान र निजी क्षेत्रबाट भएको सह-लगानीको संख्या र उत्पादन बृद्धिको प्रतिसत अङ्क ।

## <u>परिच्छेद २.</u>
## <u>कार्यक्रम सञ्चालन हुने लक्षित क्षेत्र र वर्ग</u>

६. **<u>कार्यक्रम सञ्चालन हुने वस्तु र क्षेत्रगत आधारहरु</u>** : (१) यस कार्यविधि बमोजिमको सेरामिक्स प्रवर्धन कार्यक्रम देहाय अनुसारका वस्तु र क्षेत्रहरुमा सञ्चालन गरिने छ :—

क) माटोको भाँडा, माटोको भाँडा जन्य समाग्रीहरु उत्पादन, प्रशोधन भण्डारन र बजारीकरण ।

ख) सडक पेटी किनारामा फूल तथा विरुवा (Green Pladin Plant) राख्ने ठूला साना गमलाहरु उत्पादन, प्रशोधन, र बजारीकरण ।

ग) सेरामिक्सका सामान उत्पादनमा परम्परागत रुपमा कायम रहेको शीपको संरक्षण गर्ने र नयाँ पुस्तामा सूरक्षित हस्तान्तरण गर्ने ।

घ) परम्परागत रुपमा माटोको भाँडा वनाउने शैलीमा नयाँ प्रविधि प्रयोग गरि गुणस्तरीय समाग्री उत्पादन गर्न साना तथा मझौला उद्योग स्थापना गर्न ब्यवसायीक दक्षता अभिबृद्धि तालिम सञ्चालनमा सहजिकरण गर्ने ।

ङ) सेरामिक्सका विषयमा स्थानीय पाठ्यक्रम तयार गरि विद्यालय शिक्षामा समावेश गर्न लगाउने ।

च) सेरामिक्सका विषयमा दक्ष जनशक्ति तयार गर्न निश्चित मापदण्ड तयार गरि पालिकाले संझौताका आधारमा छात्रबृत्ति तथा शैक्षिक सामाग्री प्रदान गर्ने ।

छ) लोप हुन लागेको माटोको भाँडा वनाउने आदिवासी जनजाती कुमाल थारु जस्ता सिमान्तकृत समुदायका लागि अनुदान प्रदान गर्ने ।

ज) माटोको भाँडा प्रशोधन गर्न पकाउन प्रयोग भई आएको दाउरा र दाउरा जन्य वस्तुको स्थानमा अन्य विद्युतिय अपनाउन प्रेरित गरि बाताबरण प्रदुषण हुनवाट जोगाउने ।

७. **लक्षित लाभ ग्राही** :- (१) यस कार्यविधि बमोजिमको सेरामिक्स प्रवर्धन कार्यक्रम सञ्चालनका लागि तोकिएका क्षेत्र भित्रका १८ वर्ष देखि ६० वर्ष उमेर समूहका नेपाली आदिवासी, जनजाती, कुमाल, थारु, दलित, सिमान्तकृत समुह भित्रका उद्यमीहरु लक्षित लाभग्राही हुनेछन् ।

(२) कार्यक्रममा निजि उद्योग, समुहगत उद्यम, महिला उद्यमी र समूह तथा सहकारीमा आवद्द उद्यम सहभागी हुन सक्ने छन ।

(३) कार्यक्रममा द्वण्द्व पीडित, प्राकृतिक प्रकोप पीडितहरु, कुष्ट प्रभावित, ब्यक्ति समुहका उद्यमीहरु सहभागी हुन सक्ने छन ।

## परिच्छेद ३
## कार्यक्रम सञ्चालन विधि र प्रक्रिया

८. **कार्यक्रम सञ्चालन गर्ने निकाय र कार्यक्षेत्र** :- यो कार्यक्रम गढवा गाउँ पालिकाले गाउ पालिकाको वार्षिक वजेट र कार्यक्रमको आधारमा सामाजिक न्यायमा आधारित यस कार्यविधिको अधिनमा रही दफा ११ मा उल्लेख भएको समिति अन्तर्गतका परियोजना कार्यान्वयन एकाइ मार्फत सञ्चालन हुनेछ र परियोजनाले निर्धारण गरेको मापदण्डका आधारमा स्वीकृत यो कार्यक्रमको कार्यक्षेत्रको रुपमा रहनेछन् ।

९. **<u>सूचना प्रकाशन तथा प्रस्ताव आव्हान :-</u>** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनका लागि स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही सम्बन्धित परियोजना कार्यान्वयन एकाइले अनुसूची-१ अनुसारको ढाँचामा १५ दिनको समयसीमा तोकी सार्वजनिक सूचना प्रकाशन गरी ईच्छुक लक्षित लाभग्राहीबाट प्रस्ताव आव्हान गर्नुपर्ने छ ।

(२) दफा ११ बमोजिमको समितिले माटोको भाँडा (सेरामिक्स) को उद्यमशीलता कार्यक्रम सञ्चालनका लागि दफा ६ मा समावेशभएका वस्तु तथा क्षेत्रहरु मध्येबाट सम्भाव्य वस्तुहरुको अध्ययन तथा प्राथमिकीकरण गरी मापदण्ड पुरा गरेका प्रस्तावहरु स्वीकृत गर्नेछ । यसरी स्वीकृत भएका सेरामिक्स उद्यमहरुले प्रस्ताव एवं स्वकृतिको आधारमा एकल वा समुहगत वा साझेदारीमा कार्यक्रम सञ्चालनका लागि कार्यालयले सूचना प्रकाशन तथा प्रवाह गर्नुपर्नेछ ।

(३) उपदफा (२) अनुसारको सूचना कार्यक्रम सञ्चालनहुने सम्बन्धित वडा कार्यालयमा तथा सम्बन्धित स्थानीय उद्यमीको ठेगानामा समेत सूचना टाँसगरी जानकारी गराउनु पर्नेछ ।

१०. **<u>आवेदन तथा प्रस्ताव पेश गर्ने :-</u>** (१) यस कार्यविधि बमोजिमको सेरामिक्स उत्पादन, प्रशोधन, भण्डारन तथा बजारीकरणको लागि कार्यक्रम सञ्चालनका लागि वा कार्यक्रममा सहभागी हुन ईच्छुक लाभग्राहीले अनुसूची-२ अनुसारको ढाचामा आवश्यक सम्पूर्ण कागजात सहितको आवेदन गर्नु पर्ने छ

(२) उपदफा (१) बमोजिम आवेदन गर्दा अनुसूची-३ अनुसारको ढाँचामा प्रस्ताव तयार गरी तोकिएको समयभित्र गाउँ कार्य पालिकाको यस

कार्यविधिको दफा ११ मा ब्यवस्था गरेको परियोजना कार्यान्वयन समितिको कार्यालयमा पेश गर्नुपर्ने छ । ईच्छुक लाभग्राहीलाई प्रस्ताव तयार गर्ने कार्यमा सम्बन्धित परियोजना कार्यान्वयन समितिले सहजीकरण गर्नुपर्ने छ।

**११. <u>प्रस्ताव मूल्याङ्कन तथा स्वीकृति</u>:- (**१) यस कार्यविधि बमोजिम सेरामिक्स प्रबर्धन कार्यक्रम सञ्चालन स्वीकृती रेख देख नियमन र अनुदान प्रदान गर्न तथा प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गर्न देहाय अनुसारको **परियोजना कार्यान्वयन समिति** रहनेछ ।

(क) पालिका अध्यक्ष ----------- संयोजक

(ख) पालिकाको आर्थिक विकास समिति सभापति --- सदस्य

(ग) पालिकाको सामाजिक विकास समिति सभापति --- सदस्य

(घ) सेरामिक्स सम्वन्धि विषयगत विज्ञ १ जना -------- सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत ------------------------------ सदस्य

(च) उद्यम विकास शाखा प्रमुख ----------------------- सदस्य सचिव

विषयगत विज्ञ भन्नाले सोही विषयमा लामो अध्ययन अनुसन्धान गरेको विज्ञ वुझिने छ । यदि त्यस्तो विज्ञ उपलब्ध नभएमा परियोजना कार्यान्वयन समितिले आवस्यक ठानेको विज्ञलाई सदस्यको रुपमा आमन्त्रण गर्न सक्ने छ ।

**(**२) समितिले कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश भएका सम्वन्धित वडा कार्यालय मध्येबाट बढीमा कुनै २ वटा वडा अध्यक्ष वा वडा सचिव वा प्रतिनिधिलाई बैठकमा सदस्यको रुपमा आमन्त्रित गर्न सक्ने छ ।

(३) समितिले प्राप्त प्रस्ताव उपर अनुसूची-४ बमोजिम तथा आवश्यकता अनुसार थप मापदण्ड तयार गरी प्रस्तावहरुको मूल्याङ्कन गर्नसक्नेछ ।

(४) समितिले प्रस्ताव मूल्याङ्कन गर्दा आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण गर्नु पर्नेछ ।

(५) परियोजना कार्यान्वयन समितिको स्वीकृत वार्षिक कार्यक्रम र अन्य निकायहरुबाट लक्षित लाभग्राहीलाई प्रदान गरिने अनुदान नदोहोरिने पक्षलाई यकिन गरी समितिले प्रस्तावहरुको मूल्याङ्कन तथा प्राथमिकीकरण गरी स्वीकृतका गर्नुपर्नेछ ।

(६) मूल्याङ्कन भई प्राप्त भएका प्राप्त भएका प्रस्तावहरुलाई परियोजना कार्यान्वयन समितिले स्वीकृत वा अस्वीकृत गर्न सक्ने छ ।

**१२. <u>सम्झौता र कार्यादेश</u> :-** (१) यस कार्यविधि बमोजिम सेरामिक्स प्रबर्धन कार्यक्रम सञ्चालनका लागि लाभग्राही संग छलफल गरि आवस्यकताको आधारमा **परियोजना कार्यान्वयन समिति**ले अनुसूची-**५** को ढाँचामा संझौता गरिने छ ।

(२) यस कार्यविधि बमोजिम सेरामिक्स प्रबर्ध्दन कार्यक्रम सञ्चालनका लागि छनौटमा परेका लाभग्राहीले संझौता बमोजिम सञ्चालन गरिने क्रियाकलापहरुको समयसीमा सहितको कार्य योजना पेश गर्नु पर्ने छ सो कार्य योजना उपदफा (१) कमोजिम गरिएको संझौताको अभिन्न अंग हुने छ ।

(३) संझौतामा उल्लेख भएका शर्त र स्वीकृत प्रस्ताव बमोजिम लाभग्राहीले यस कार्यविधि, प्रचलित कानूनको अधिनमा रही क्रियाकलाप सञ्चालन गर्नु पर्ने छ ।

**१३. <u>अनुदानको सिमा तथा भुक्तानी प्रक्रिया</u> :-** (१) यस कार्यविधि बमोजिम सेरामिक्स प्रबर्धन कार्यक्रम सञ्चालनका लागि स्वीकृत भएका प्रस्ताव अनुसार क्रियाकलाप सञ्चालन गर्न लागत अनुमानको आधारमा प्रति प्रस्ताव अनुदान उपलब्ध गराईने छ । लागत अनुमान तयार गर्दा सेरामिक्स उत्पादन, प्रशोधन, बजारीकरण संग सम्वन्धित क्रियाकलाप अनिवार्य रुपमा समावेश भएको हुनु पर्ने छ । प्रस्तावकले सञ्चालन गर्न चाहेको क्रियाकलापको लागत अनुमान जिल्ला दररेट अनुसार तयार भएको हुनु पर्ने छ । जिल्ला दर रेट स्वीकृत नभएको अवस्थामा प्रचलित वजार मूल्यलाई आधार लिनु पर्ने छ ।

(२) यस कार्यविधि बमोजिम सेरामिक्स प्रबर्धन कार्यक्रम सञ्चालनका लागि स्वीकृत भएको प्रस्तावको कुल लागतको वढिमा पचास प्रतिशत प्रचलित कानून बमोजिमको कर कट्टी गरि भुक्तानी योग्य रकम कार्यालयबाट अनुदान स्वरुप लाभ ग्राहीको बैंक खातामा भुक्तानी गरिने छ । बाँकी पचास प्रतिशत रकम लाभग्राही स्वयंले ब्यहोर्नु पर्ने छ । स्वीकृत लागत अनुमान र संझौतामा उल्लेख भएको कुल लागत साझेदारी रकम भन्दा वढी रकम खर्च भएको अवस्थामा संझौता भन्दा वढि खर्च हुन आएको रकम लाभग्राही स्वयंले ब्यहोर्नु पर्ने छ ।

(३) छनौटमा परेका लाभग्राहीले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन गर्दा खर्च भएको रकम तथा बिल भर्पाई हरुको लेखा राख्नु पर्ने छ । कार्यक्रम सञ्चालन गर्दा खर्च भएको कुल रकम र सम्वन्धित बिल भर्पाईहरुको प्रमाणित छायाँप्रति आफु संग राखी सक्कल बिल भर्पाईहरु

अनुदान भुक्तानी र लेखा परीक्षण प्रयोजनार्थ कार्यालय समक्ष पेश गर्नुपर्ने छ ।

(४) लाभग्राहीले संझौता अनुसारको काम सम्पन्न गरे पश्चात अनुसूचि-६ अनुसारको ढाँचामा कार्य-सम्पन्न प्रतिवेदन कार्यक्रम सञ्चालन भएको वडा कार्यालयको अनुसूचि- ७ बमोजिमको शिफारिसपत्र संलग्न राखी भुक्तानिका लागि समयमै निवेदन पेश गर्नु पर्ने छ । भुक्तानिका लागि कार्य सम्पन्न प्रगति अनुगमन मूल्याङ्कन प्रतिवेदन र प्राप्त कागजातको आधारमा कार्यालयबाट वढिमा दुई किस्तामा शोध भर्ना गरिने छ ।

## परिच्छेद – ४

## अनुगमन तथा मूल्याङ्कन, प्रगति प्रतिवेदन र समन्वय

१४. **अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन** :- (१) यस कार्यविधि बमोजिम सेरामिक्स प्रबर्धन कार्यक्रम सञ्चालनका लागि गठित परियोजना कार्यान्वयन समितिले स्वीकृत भएका प्रस्ताव अनुसार क्रियाकलापहरुको एकल रुपमा वा परियोजनाका सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मूल्याङ्कन गर्ने छ ।

(२) यस कार्यविधि बमोजिम स्वीकृत भएका प्रस्ताव अनुसार क्रियाकलापहरुको संझौता बमोजिमको कार्य प्रगतिवारे लाभग्राही स्वयंले नियमित रुपमा एवं कार्य सम्पन्न पश्चात सात दिन भित्र परियोजना कार्यान्वयन समितिमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**(३)** परियोजना कार्यान्वयन समितिले निर्दिष्ट ढाँचामा स्वीकृत प्रस्तावहरुको प्रगति विवरण अद्यावधिक गर्नु पर्नेछ र सो अद्यावधिक विवरण गाउँ कार्यपालिकामा पेश गर्नु पर्ने छ ।

**१५. समन्वय_:- (**१) यस कार्यविधि बमोजिम सेरामिक्स प्रबर्ध्दन कार्यक्रमका क्रियाकलाप सञ्चालन गर्न तथा अनुदान प्रवाहमा दोहरोपना हुन नदिन परयोजना कार्यान्वयन समितिले कार्यक्रम रहेको सम्वन्धित वडा कार्यालय वडा अध्यक्ष वडा सचिव स्थानीय तहका कृषि वन तथा प्रदेश र संघीय सरकारका इकाईहरुका पदाधिकारी संग आवस्यक समन्वय गर्न सक्ने छ ।

## परिच्छेद -५

## प्राकृतिक कच्चा पदार्थको पहिचान र संरक्षण सम्वन्धि विशेष ब्यवस्था

१७. **कच्चा पदार्थ माटोको परिक्षण :-** (१) यस कार्यविधि बमोजिम गाउँ पालिका क्षेत्र भित्र परम्परागत रुपमा माटोको भाँडा सेरामिक्सको ब्यवसाय गरेको भएपनि माटोको भाँडामा गुण स्तरियता ह्रास हुन नदिन समय समयमा माटो परीक्षण गरि परीक्षण रिपोट उद्योगमा राख्ने ब्यवस्था मिलाउने ।

(२) गुणस्तरिय माटोको अभाव हुन नदिन तथा माटोको सहज आपूर्ति को ब्यवस्था गर्न सेरामिक्सको कच्चा पदार्थ माटो ईलाका घोषणा गरि माटो संरक्षण गर्नु उद्यमी तथा परियोजना कार्यान्वयन समिति दुवैको कर्तब्य हुने छ ।

१८. <u>**काठ दाउरा वा अन्य विकल्प**</u> :- (१) परम्परागत रुपमा माटोको भाँडा (सेरामिक्स) प्रशोधन गर्दा काठ दाउराको प्रयोग भई आएकोमा काठको विकल्प विद्युतिय उर्जा प्रयोग गर्ने तर्फ उद्यमीहरुलाई प्रेरित गर्ने परियोजना कार्यान्वयन समितिले सेरामिक्स प्रशोधनका विभिन्न विकल्पहरुका वारेमा तालिम उपलब्ध गराउने छ ।

१९.<u>**वतावरण संरक्षणमा योगदानको क्षेत्र :**</u> (१) परम्परागत रुपमा माटोको भाँडा (सेरामिक्स) उत्पादन प्रशोधन भणडारण र बजारीकरणबाट वातावरण प्रदुषण हुनबाट जोगिन उद्यमी तथा उपभोक्ता दुवैलाई सचेत गराउनु पर्ने छ ।

## <u>परिच्छेद –६</u>

## <u>विविध</u>

२०. **उद्यमीहरुको ब्यवसायी संगठन सम्वन्धी ब्यवस्था :- (**१) सेरामिक्स उत्पादन, प्रशोधन, भण्डारन, बेचविखन गर्ने लगायतका ब्यवसाय गर्ने उद्यमी ब्यवसायीहरुले कानून वमोजिम एकमात्र ब्यवसायिक संगठन गठन गर्न सक्नेछन ।

**(**२) उपदफा **(**१) बमोजिमको संगठन गाउँ पालिकामा दर्ता गर्नु पर्ने **छ** ।

२१. **कारवाहीको ब्यवस्था_:- (**१) यस कार्यविधि बमोजिम सेरामिक्स प्रबर्धन कार्यक्रमका क्रियाकलाप सञ्चालन गर्न अनुदान सहयोग प्राप्तगर्ने लाभग्राहीले प्राप्त अनुदान संझौता विपरित प्रयोग गरेमा दुरुपयोग गरेमा वा असम्वन्धित क्षेत्रमा खर्च गरेमा अनुगमन प्रतिवेदनको आधारमा निजलाई प्रचलित कानून बमोजिम कारवाही गरि सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

(२) उपदफा (१) बमोजिमको कार्य पश्चात निजको नाम नकारात्मक सूचिमा प्रकाशन गरिने र थप अनुदानको सुविधा रोक्का गरने छ ।

**२२. प्रचलित कानून बमवजिम हुने _:-** (१) यस कार्यविधि बमोजिम सेरामिक्स प्रबर्ध्दन कार्यक्रमका क्रियाकलाप सञ्चालन गर्दा यस कार्यविधिमा उल्लेख भएका ब्यवस्थामा यसै बमोजिम र यसमा ब्यवस्था नभएको हकमा प्रचलित कानुन बमोजिम क्रियाकलाप सञ्चालन गरिने छ ।

(२) यस कार्यविधि बमोजिमको कार्य गर्दा विभिन्न विषयमा अलग अलग मापदण्ड तयार गरि लागु गर्न सकिने छ ।

**२३. कार्यविधि संशोधन तथा बाधा अड्काउ फुकाउ_:-** यस कार्यविधि बमोजिम सेरामिक्स प्रबर्ध्दन कार्यक्रमका क्रियाकलाप सञ्चालन गर्दा कुनै कुरा संशोधन गर्नु परेमा वा बाधा अड्काउ परेमा दफा ११ बमोजिम गठित समितिको शिफारिसमा गाउँ कार्य पालिकाले आवस्यकता अनुसार यो कार्य विधिका ब्यवस्था तथा अनुसूचिहरु परिमार्जन तथा संशोधन गर्न तथा बाधा अड्काउ फुकाउन सक्ने छ ।

अनुसूचि-१

( परिच्छेद ३ को दफा ९ (१) संग सम्वन्धित )

गढवा गाउँ पालिका

गाउँ कार्य पालिकाको कार्यालय

**सेरामिक्स प्रबर्धन परियोजना कार्यान्वयन समिति**

सूचना नं.:- सूचना प्रकाशित मिति :-

**सेरामिक्स प्रबर्धन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्वन्धि सूचना**

गढवा गाउँ पालिका , गाउँ कार्य पालिकाको कार्यालय सेरामिक्स प्रबर्धन परियोजना कार्यान्वयन समितिको चालु आ.ब. ............. स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको माटोको भाँडा ( सेरामिक्स) प्रबर्धन सम्वन्धि कार्यविधि २०८१ बमोजिम योग्यता पुगेका इच्छुक सेरामिक्स उद्यमी फर्महरुले तपसिलमा उल्लेखित आवस्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा अनुसूचि-२ को ढाँचामा आवेदन तथा अनुसूचि-३ को ढाँचामा कार्यक्रम सञ्चालन सम्वन्धि प्रस्ताव दर्ता गर्नु हुन सम्वन्धित सवैमा जानकारी गराईन्छ ।

तपसिल

| सञ्चालन हुने कार्यक्रम को नाम | लक्षित, लाभग्राही | कार्यक्रम सञ्चालन हुने | कार्यक्रम सन्चालनगर्ने क्रियाकलाप | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| सेरामिक्स प्रबर्ध्दन कार्यक्रम | १८ देखि ५०उमेर समुहको उद्यमी | वडा भरि | कार्यविधि २०८१ को दफा ६ मा उल्लेख भए बमोजिम | प्रति प्रस्ताव वढिमा १ लाख सम्म प्रगति प्रतिवेदनका आधारमा २ किस्तामा शोधभर्ना गरिने |

निवेदन साथ संलग्न कागजातहरु :-

(१) कार्यक्रम सञ्चालन सम्वन्धि निर्दिष्ट ढाँचा बमोजिमकव प्रस्ताव ।

(२) निवेदकको ब्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु ।

(३) कार्यक्रम सञ्चालनका लागि आवस्यक जग्गा सम्वन्धी कागजातहरुको प्रतिलिपी (जग्गा धनि प्रमाण पत्रको प्रतिलिपी वा भाडामा जग्गा लिएको भए जग्गा धनि संग गरेको करारनामाको प्रतिलिपी)

(४) उद्यम वा ब्यवसाय दर्ता भएको भएमा दर्ता प्रमाण पत्रको प्रतिलिपी. करचुक्ताको प्रमाण पत्रको प्रतिलिपी ।

(५) स्थायी लेखा नं. दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

(६) सहकारी संस्थाको सदस्य भएमा सम्वन्धित सहकारी संस्थाको सिफारिस पत्र ।

(७) निवेदकको नागरिकता वा सरकारवाट जारी गरिएको फोटो सहितको परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।

अनुसूचि-२

(परिच्छेद ३ को दफा १० संग सम्वन्धित )

गढवा गाउँ पालिका

गाउँ कार्य पालिकाको कार्यालय

**सेरामिक्स प्रबर्धन परियोजना कार्यान्वयन समिति-**

(सेरामिक्स प्रबर्ध्दन परियोजना कार्यान्वयन समिति सूचना बमोजिम दिने निवेदनको नमूना)

मिति :-

श्रीमान संयोजक ज्यू

**सेरामिक्स प्रबर्धन परियोजना कार्यान्वयन समिति**

**विषय** :- सेरामिक्स प्रबर्ध्दन कार्यक्रममा सहभागी हुन पाँउ ।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २० । । गते मा प्रकासित सार्वजनिक सूचना बमोजिम सेरामिक्स प्रबर्ध्दन कार्यक्रममा सहभागी हुन चाहेकोले आवस्यक कागजात सहित म / हामी ..............उद्यमी/ युवा/ फर्म सञ्चालक लाई उक्त कार्यक्रममा सहभागी गराई दिनु हुन यो निवेदन पेश गरेको छु / छौ ।

**निवेदकः**

नाम थरः

ठेगाना :

सम्पर्क नं.

**निवेदन साथ संलग्न कागजातहरु**

(१) कार्यक्रम सञ्चालन सम्वन्धि निर्दिष्ट ढाँचा बमोजिमकव प्रस्ताव ।

(२) निवेदकको ब्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु ।

(३) कार्यक्रम सञ्चालनका लागि आवस्यक जग्गा सम्वन्धी कागजातहरुको प्रतिलिपी (जग्गा धनि प्रमाण पत्रको प्रतिलिपी वा भाडामा जग्गा लिएको भए जग्गा धनि संग गरेको करारनामाको प्रतिलिपी)

(४) उद्यम वा ब्यवसाय दर्ता भएको भएमा दर्ता प्रमाण पत्रको प्रतिलिपी. करचुक्ताको प्रमाण पत्रको प्रतिलिपी ।

(५) स्थायी लेखा नं. दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

(६) सहकारी संस्थाको सदस्य भएमा सम्वन्धित सहकारी संस्थाको सिफारिस पत्र ।

(७) निवेदकको नागरिकता वा सरकारवाट जारी गरिएको फोटो सहितको परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।

## अनुसूचि-३

(परिच्छेद ३ को दफा १० संग सम्वन्धित )

(सेरामिक्स प्रबर्धन परियोजनामा लाभग्राहीले कार्यक्रममा सहभागिताका लागि पेश गर्नु पर्ने प्रस्तावको ढाँचा)

मिति :-

१. प्रस्तावकको नाम थरः-.............................
२. सम्पर्क नं.- .................................
३. ठेगाना :- ...........प्रदेश ......... ............जिल्ला.............. .....न. पा./गा. पा...........वडा नं. ........टोल ....................
४. प्रस्तावित कार्यक्रम सञ्चालन सम्वन्धी विवरण ( सेरामिक्स उत्पादन प्रशोधन भणडारन वा बजारीकरण र सेरामिक्सको प्रकार क्षेत्र ) :-............................
५. प्रस्तावित कार्यक्रम सञ्चालनको मूख्य उदेश्य :-................................
६. प्रस्तावित कार्यक्रम सञ्चालन सम्वन्धी अनुभव ................. वर्ष
७. प्रस्तावित कार्यक्रम सञ्चालन हुने संख्या वा क्षेत्रफल :-................................
८. प्रस्तावित कार्यक्रमको कूल लागत रु :-...........................
९. हाल प्रस्तावकसंग उपलब्ध स्रोत साधन तथा पूर्वाधारहरुको विवरणः-........................
१०. हाल सम्वन्धित सेरामिक्स उत्पादन प्रशोधन भण्डारन र बजारीकरण को कार्य भईरहेको भएमा

    हाल उत्पादन कार्य भईरहेको क्षेत्र प्रकार वा संख्या :-.......................
    वार्षिक उत्पादन परिणामः-............................
    बार्षिक आम्ददानी :-......................
    हाल सञ्चालित क्रियाकलापहरुको फोटोहरु :-.................

११. कार्यक्रम सञ्चालन पश्चातको अनुमानित उत्पादन :- ................. बार्षिक आम्दानीः- ......……….
१२. प्रस्तावकको खाता रहेको बैंक............... खाता नं..........................
१३. प्रस्तावकको स्थायी लेखा दर्ता नं..............
१४. कार्यक्रम सञ्चालनका लागि गरिने प्रमुख क्रियाकलाप तथा अनुमानित लागत

| क.स. | क्रियाकलाप | एकाइ | परिणाम | दर | कूल लागत रु. | अनुदान माग रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | कुन आकारको उद्यम हो सो विवरण |
| १.१ | | | | | | | |
| १.२ | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | औजार उपकरण | | | | | | सामानको स्पेसिफिकेशन तथा कोटेशन |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| ३ | उत्पादन सामाग्री | | | | | | कच्चा पदार्थ औजार र ज्यालाहरु |
| ३.१ | | | | | | | |
| ३.२ | | | | | | | |
| | जम्मा | | | | | | |

१५. कार्यक्रम स्थलमा सेरामिक्स उत्पादन योग्य कच्चा पदार्थ माटो आदि छ छैन । छ भने उल्लेख गर्ने ।

१६. कार्यक्रम सञ्चालन हुने स्थल सडक संग जोडिएको छ छैन छ भने सडकको किसिम ............................

१७. कार्यक्रम सञ्चालन हुने स्थलमा विद्युतको आपूर्ति छ छैन ............................

१८. कार्यक्रमबाट हुने सकारात्मक प्रभाव ............................

आय आर्जन प्रति वर्ष ............................

रोजगारी सिर्जना ............................ जना

१९. कार्यक्रमबाट लाभान्वित हुने संभावित परिवार संख्या.........प्रत्यक्ष...............अप्रत्यक्ष......

२०. कार्यक्रम सम्वन्धी संक्षिप्त विवरण :-

(क) आवस्यकता र औचित्य :-

(ख) कार्यक्रम सञ्चालन हुने स्थान र क्षेत्रफल सम्वन्धी विवरण :-

(ग) कार्यक्रमबाट उत्पादिन बस्तुको सूचि र अनुमानित परिणाम :-

(घ) कार्यक्रमबाट उत्पादन हुने बस्तुको बजार र बजारीकरण प्रक्रिया :-

(ङ) कार्यक्रमबाट उत्पादन हुने बस्तुबाट थप हुने आम्दानी तथा कारोवार सम्वन्धि विवरण :-

उपयुक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ । यदि झुट्टो ठहरिएमा निवेदन स्वत: खारेज भई कानून बमोजिम सहुँला बुझाउला ।

| | |
|---|---|
| साक्षी : | निवेदक : |
| दस्तखत : | दस्तखत : |
| नाम थर : | नाम थर : |
| ठेगाना : | ठेगाना : |
| पद : | पद : |
| सम्पर्क नं: | सम्पर्क नं: |
| मिति : | मिति : |

छाप :

अनुसूचि - ४

( परिच्छेद ३ को दफा ११(३) संग सम्वन्धित )

(प्रस्ताव मूल्याङ्कन समितिबाट गरिने मूल्याङकनको ढाँचा)

लाभग्राही छनौट मूल्याङकन मापदण्ड (नमूना )

| क. स. | सूचकाङ्क आधार | अधिकतम सम्भाब्य अङ्क |
|---|---|---|
| **अ** | **प्रमुख मापदण्ड (६५)** | |
| १ | प्रस्तावित कार्यक्रमको कमाण्ड क्षेत्रका लाभान्वित स्थानीय उद्यमी | ५ |
| २ | प्रस्तावित कार्यले समेट्ने संख्या | १० |
| ३ | सामाजिक एवं लैङ्गिक सहभागिता (महिला, पुरुष, थारु, कुमाल, दलित, आदिवासी, जनजाती आदि ) | ५ |
| ४ | प्रस्तावित कार्यले उत्पादन बृध्दि प्रशोधन र बजारीकरणमा पुग्ने सहयोग | २५ |
| ५ | प्रस्तावित कार्यले सिर्जना गर्ने रोजगारीको अवसर | ५ |
| ६ | प्रस्तावित कार्यको भौगोलिक प्राविधिक उपयुक्तता | १५ |
| **आ** | **सहायक मापदण्ड (३५)** | |
| १ | प्रस्तावको आवस्यक कागाजको प्रकृया पुरा भएको | ५ |
| २ | समान प्रकृतिका अनुदान सहयोगको पहूँच नभएको वा प्रात नगरेको | ५ |
| ३ | सहभागी लक्षित वर्गको नगद वा बस्तुगत योगदान परिणाम र प्रतिवध्दता | १० |
| ४ | प्रस्तावित कार्यको सृजनात्मकता एवं नवीनता | ५ |
| ५ | आवेदकको संस्थागत क्षमता वा कार्य अनुभव | ५ |
| ६ | प्रस्तावित कार्य वजारको माग एवं आवस्यकता अनुरुप रहे नरहेको | ५ |

नोट: कार्क्रमको प्रकृति अनुरुप समितिले मूल्याङ्कनको मापदण्ड आवस्यकता अनुसार परिमार्जन विस्तृतिकरण एवं सहायक मापदण्ड वनाउन र सोही अनुसार मूल्याङ्कन गर्न सक्ने छ । साथै उल्लेखित मापदण्ड अनुसार प्रस्ताव मूल्याङ्कन गर्दा समितिले आवस्यकता अनुसार चेक लिष्ट वनाई मूल्याङ्कन गर्न सक्ने छ ।

निवेदन नं .                    सूचना नं :

| क.स. | प्रस्ताव पेश गर्ने | प्रासाङ्क | | जम्मा प्रासाङ्क १०० | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रमुख मापदण्ड (६५) | सहायक मापदण्ड(३५) | | |
| | | | | | |
| | | | | | |

प्रस्ताव मूल्याङ्कन समितिका सदस्यहरुका नाम थर र दस्तखत :

| क.स. | नाम थर | दस्तखत |
|---|---|---|

अनुसूचि-५

(परिच्छेद ३ को दफा १२(१) संग सम्वन्धित )

(सझौता पत्रको ढाँचा)

गढवा गाउँ पालिका गाउँ कार्यपालिका सेरामिक्स प्रबर्धन परियोजना कार्यान्वयन समिति (यस पछि पहिलो पक्ष

भनिएको) र दाङ जिल्ला गढवा गा पा वडा नं ..........................टोल बस्ने बर्ष ...........को ना.प्र. नं. ............................ जिल्ला प्रशासन कार्यालय ...........मिति .......................का श्री .......................... लाई (यस पछि दोस्रो पक्ष भनिएको) वीच ......................... समितिवाट मिति ............................ गते स्वीकृत भएको प्रस्ताव नं .............................मा उल्लेख भएका क्रिया कलावहरु तपसील अनुसारको शर्त पालना हुने गरि कार्यक्रम सञ्चालन गर्न मञ्जुर भई यो संझौता गरि एक एक प्रति दियौ लियौ ।

१. स्वीकृत प्रस्ताव बमोजिम कार्य गरी तोकीएको समय सिमा भित्र क्रियाकलाप सम्पन्न गरि आवस्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्ने छ ।
२. दोस्रो पक्षले सझौता बमोजिम सञ्चालन गर्ने क्रिया कलाप समय सिमा सहितको कार्ययोजना यो सझौता पत्रको अभिन्न अंगको रुपमा रहने छ ।
३. यो सझौता बमोजिम कार्यको तयारी कानून बमोजिम पूर्वाधार लिखतकागजातहरुको तयारी दोस्रो पक्ष आफैले गर्नु पर्ने छ ।
४. सझौता बमोजिम कार्य सम्पादनका लागि पहिलो पक्ष मार्फत दोस्रो पक्षले अनुदान स्वरुप रु........................... (अक्षरुपी .............................)र दोस्रो पक्षको लागत रु........................... (अक्षरुपी .............................) ब्यहोरिने छ । पहिलो पक्षले भुक्तानी गर्ने अनुदान रकम प्रस्तावित क्रियाकलाप अनुसार कार्य सम्पन्न प्रगति अनुगमन मूल्याङ्कन प्रतिवेदन र प्राप्त कागजातको आधारमा वढिमा दुई किस्तामा सोधभर्ना वापत उपलब्ध गराईने छ ।
५. दोस्रो पक्षले संझौता बमोजिमको कार्यका लागि संझौतामा उल्लेख गरेको स्रोत वाहेक अन्य कुने सरकारी,गैह्र सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्ने छ । दोहोरो परेको देखिएमा संझौता रद्द गर्न सकिने छ ।
६. दोस्रो पक्षले संझौता बमोजिमको काम गर्दा प्रथम पक्षवाट खटिएका निरीक्षक, प्राविधिक तथा अनुगमन कर्ताहरुले दिएको निर्देशनको पालना गर्नु पर्ने छ । निरीक्षक तथा अनुगमन कर्तालाई सहयोग गर्नु दोस्रो पक्षको कर्तब्य हुने छ ।
७. स्वीकृत प्रस्ताव बमोजिम दोस्रो पक्षले संचालन गर्न चाहेको क्रिया कलाप तथा लागत विवरण खुलाई सर्व साधारण सवैले देख्ने गरि होर्डिङबोर्ड दोस्रो पक्षले राख्नु पर्ने छ ।
८. दोस्रो पक्षले संझौता बमोजिम सम्पादन गरेको कामको संझौता अवधिभर मासिक प्रतिवेदन प्रथम पक्षलाई दिनु पर्ने छ ।

९. प्रथम पक्षले दोस्रो पक्षलाई अनुदान रकम भुक्तानी दिदा प्रथम पक्ष समक्ष विल विल वा माग प्रतिवेदन पेश गरेको मितिले सात दिन भित्र सम्वन्धित दोस्रो पक्षको नाममा रहेको बैंक खातामा भुक्तानि दिइने छ ।

१०. दोस्रो पक्षको लापर्वाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्वेवारी दोस्रो पक्षले लिनु पर्ने छ ।

११. दोस्रो पक्षले तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकेमा संझौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष वाध्य हुने छैन ।

१२. दोस्रो पक्षले संझौताको शर्त र कार्य तालिका बमोजिम सम्पूर्ण कार्य सम्पन्न गरि सञ्चालनमा ल्याउने छ ।

१३. संझौता बमोजिम लागत सहभागिता सम्वन्धिकार्य सम्पन्न भई कार्य सम्पन्न प्रतिवेदन अनुरुप हस्तान्तरण भई सके पछि भविस्यमा सो को दुरुस्तिकरण तथा विकास दोस्रो पक्ष स्वंले गर्नु पर्ने छ ।

१४. संझौता बमोजिमको कार्य गर्ने सम्वन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिने छ ।

१५. यो संझौतामा उल्लेख भएका कुराहरुमा यसै संझौता बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुने छ ।

१६. स्वीकृत प्रस्ताव अनुसार परियोजनाबाट सेरामिक्स प्रवर्धन समितिले उपलब्ध गराईएको अनुदान दोस्रो पक्षबाट दुरुपयोग भएको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने छ ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम थर : | नाम थर : |
| ठेगाना : | ठेगाना : |
| पद : | पद : |
| सम्पर्क नं: | सम्पर्क नं: |
| कार्यालयको छाप | छाप वा ल्याप्चे सहिछाप |
| मिति : | मिति : |

**रोहबर साक्षी**

| | |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम थर : | नाम थर : |
| ठेगाना : | ठेगाना : |
| मिति : | मिति : |

अनुसूचि-६

(परिच्छेद ३ को दफा १३(४) संग सम्वन्धित )

(कार्य– सम्पन्न प्रतवेदनको ढाँचा)

श्रीमान संयोजक ज्यू

**सेरामिक्स प्रबर्धन परियोजना कार्यान्वयन समिति**

**विषय : कार्य सम्पन्न प्रतिवेदन पेश गरिएको सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस कार्यालय संग मिति २० । । गते मा भएको संझौता बमोजिम सेरामिक्स प्रबर्धन कार्यक्रम सञ्चालनका लागि म/हामी ................................. ले स्वीकृत प्रस्ताव बमोजिमका देहाय अनुसारका क्रिया कलापहरु सम्पन्न गरि सकेकाले सम्पादित कार्य विवरण खुल्ने कार्य सम्पन्न प्रतिवेदन पेश गरेको छु /छौ ।

**कार्य सम्पन्न प्रतिवेदनमा खुलाएको विषय**

- सञ्चालित कार्यक्रमको नाम :
- कार्यक्रम सञ्चालन गरेको लाभग्राही /उद्यमीको नाम, थर, वतन, सम्पर्क नं:

  नाम थर :

  वतन:

  सम्पर्क नं:
- सञ्चालित कार्यक्रम शुरु गरेको मिति :
- कार्यक्रम सम्पन्न गरिएको मिति :
- कार्यक्रम सञ्चालन गरिएको स्थान :
- सञ्चालित कार्यक्रमको कूल लागत :
- सञ्चालित कार्यक्रममा कार्य सम्पन्न पश्चात कुल अनुदान प्रवाह भएको रकम रु:
- लाभग्राही/उद्यमी स्वयंले ब्यहोरेको रकम रु:
- कार्यक्रम सञ्चालनका क्रममा सम्पादित प्रमुख क्रियाकलाप सम्वन्धि विवरण:

| **सम्पादित क्रियाकलाप** | **लक्षित संख्या** | **कार्य सम्पन्न प्रगति** | **कुलखर्च रकम रु.** | **प्रमुख उपलब्धीहरु** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

- **सञ्चालित कार्यक्रममा समग्रमा प्राप्त प्रमुख उपलब्धिहरु (ब्यवसाय विकास, लाभग्राही संख्या, रोजगारी सिर्जना, भएको संख्या, कारोवारमा भएको वृद्धि, आदि सम्वन्धी उल्लेख गर्ने)**
- अन्य विवरण तथा सल्लाह सुझाव

यस सेरामिक्स प्रबर्धन समितिको कार्यालय संग भएको मिति २०८...।....।....को सझौता बमोजिम माथि उल्लेखित क्रिया कलापहरु सम्पन्न भए गरेको ठिक साँचो हो भनि स्व-घोषणा गर्दछु ।

**निवेदक**

नाम थर:

ठेगाना:

सम्पर्क नं:

अनुसूचि-७

( परिच्छेद ३ को दफा १३(४) संग सम्वन्धित )

(सम्वन्धित वडा कार्यालयको सिफरिस पत्रको नमूना (ढाँचा)

श्रीमान संयोजक ज्यू

**सेरामिक्स प्रबर्धन परियोजना कार्यान्वयन समिति**

**विषय : सिफारिस गरिएको सम्वन्धमा ।**

प्रस्तुत विषयमा त्यस सेरामिक्स प्रबर्धन परियोजना कार्यान्वयन समिति द्वारा कार्यक्रम सञ्चालनका लागि मिति २० । । गते मा भएको संझौता बमोजिम यस वडामा स्थायी ठेगाना भएका ...............................को छोरा नागरिकता प्र प नं ...............................भएका श्री ...............................ले त्यहाबाट भएको सझौता बमोजिम तपसिल बमोजिमका कार्यहरु सम्पन्न गरेकोले नियमानुसार अनुदान रकम भुक्तानीका लागि सिफारिस साथ अनुरोध छ ।

**कार्य सम्पन्न विवरण**

| क्र स | सम्पादित क्रिया कलापको विवरण | सम्पादित परिणाम | कुलखर्च रकम रु. | प्रमुख उपलब्धीहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**दस्तखत**

सम्वन्धित वडा कार्यालयको तर्फबाट

आज्ञाले

कृष्ण प्रसाद पौड्याल

प्रमुख प्रशासकीय अधिकृत